भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/१०/२९

नगर कार्यपालिकाको ३८औं बैठकका प्रस्तावहरु

१) लिजाको प्राप्त परिणाम सम्बन्धमा ।

२) सङ्घीय समपुरक/विशेष अनुदानका आयोजना छनौट सम्वन्धमा ।

३) प्रदेश समपुरक/विशेष अनुदानका आयोजना छनौट सम्वन्धमा ।

४) चरिकोट बसपार्कको IEE को TOR स्वीकृत सम्वन्धमा ।

५) भीमेश्वर रंगशालाको सटर तथा सातदोवाटो सपिंग कम्प्लेक्सको भुई र पहिलो तला भाडामा लगाउन पुनः सूचना प्रकाशन सम्वन्धमा ।

६) डिजिटल डिस्प्ले तथा सिसिटिभी क्यामरा लाइन विस्तार तथा सिसिटिभी क्यामरा थप जडान सम्वन्धमा ।

७) बालगृह- तिखातल सडकको चेनेज सम्वन्धमा ।

८) राउतगाउँ मर्यागखोला आरसिसी पुल सम्वन्धमा ।

९) गन्तव्य भीमेश्वरको सम्पादन तथा पुनः छपाई सम्वन्धमा ।

१०) गृहिणी महिला सशक्तिकरण कार्यक्रमको लागत सहभागिता तथा कार्यान्वायन सम्वन्धमा ।

११) विपन्न दलित सशक्तिकरण कार्यक्रमको लागत सहभागिता सम्वन्धमा ।

१२) अपाङ्गता भएका व्यक्तिका लागी समुदायमा आधारीत पुर्नस्थापना कार्यक्रम (CBR) को लागत सहभागिता सम्वन्धमा ।

१३) प्रदेश लोक सेवाबाट खटिई आउनुभएका अधिकृतस्तर सातौं तहका कर्मचारीहरुको नियुक्ति/पदस्थापनको अनुमोदन सम्वन्धमा ।

१४) बहु कक्षा बहुस्तर (MGML) निरन्तरताका लागि Education Empaowerment Center, Kavre लाई सहमति प्रदान गर्ने सम्वन्धमा ।

१५) कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा ।

क) भीमेश्वर नगरपालिकाको सार्वजनिक सुनुवाई सन्चांलन कार्यविधि, २०८१

ख) भीमेश्वर नगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवद्र्धन कार्यविधि, २०८१

ग) भीमेश्वर नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८१

१६) साङखोला पुलको डीपीआर तयार गर्ने सम्वन्धमा ।

१७) आयोजना रकमान्तर/शिर्षकान्तर सम्वन्धमा ।

१८) विविध :

क) जनकपुरधाम उपमहानगरपालिकालाई पत्राचार गर्ने सम्वन्धमा ।

ख) छैटौ नगर सभाको बैठक सम्वन्धमा ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**विशकसेन ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/१०/२९

निर्णय नं. १ : यस नगरपालिकाको गत आ.व. २०८०/०८१ को स्थानीय सरकार संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को प्रारम्भिक नतिजामा औसतमा ७५% अंक प्राप्त गरी यस नगरपालिकाको देहायको स्थिति प्राप्त भएकोले उक्त नतिजा सार्वजनिक गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

| क्र.स. | मुख्य सूचक | प्राप्तांक (प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १ | समग्र स्थिति | ८८.१० | |
| २ | प्रक्रियागत स्थिति | ८२.३५ | |
| ३ | परिणामात्मक स्थिति | ६३.३३ | |

निर्णय नं. २ : सङ्घीय सरकारद्वारा यस नगरपालिकालाई प्राप्त हुने समपुरक तथा विशेष अनुदान आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन गर्न तपसिल बमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो।

समपुरक अनुदान तर्फ :

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | देउराली - पानीघाट सडक स्तरोन्नति | भीनपा १ | |
| २ | बालगृह - वडा कार्यालय - गाईघाट सडक | भीनपा ५ | |
| ३ | दोलखा - नागदह सडक स्तरोन्नति | भीनपा २ | |

विशेष अनुदान तर्फ

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रम | भीनपा | |
| २ | मर्यांग खोला -खर्दी -फाचपु सिंचाई कुलो निर्माण | भीनपा ३ | |
| ३ | नागथान- दोवाटी- पन्ध्र पाथी सिंचाई निर्माण | भीनपा ५ | |

निर्णय नं. ३ : बागमती प्रदेश सरकारद्वारा यस नगरपालिकालाई प्राप्त हुने समपुरक तथा विशेष अनुदान आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन गर्न तपसिल बमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो।

समपुरक अनुदान तर्फ :

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | गामनागी - वडा कार्यालय — पात्ले खोला सडक | भीनपा ८ | |
| २ | घ्यावापानी - सेरा -निगाले बाघखोर सडक<br>(घट्टे खोला - निगाले खण्ड) | भीनपा ९ | |
| | | | |

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/१०/२९

विशेष अनुदान तर्फ

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन केन्द्र पूर्वाधार निर्माण | भीनपा ६ | |
| २ | जलवायु अनुकुलन कार्यक्रम | भीनपा | |
| ३. | उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रम | भीनपा १ | |

निर्णय नं. ४ : यस नगरपालिका वडा नं. ३ लामाचौरमा प्रस्तावित बसपार्कका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न पेश भएको कार्यक्षेत्रगत शर्त (ToR) स्वीकृत गर्ने र सो कार्यका लागि सि.नं. १९५ बाट रु १,७०, ०००/- (एक लाख सत्तरी हजार) रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : यस नगरपालिकाद्वारा निर्माण गरिएको भीमेश्वर रङ्गशालाको सटरहरु भाडामा लगाउन यस अघि प्रकाशित सूचना बमोजिम ३ (तीन) वटा मात्र सटर भाडामा लिन दरभाउ पत्र पेश भएकोले बाँकी सटर र सातदोवाटो सपिंग कम्प्लेक्सको भुई र पहिलो तला भाडा लगाउन पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : भीमेश्वर नगरपालिकालाई e-Governance का लागि भीमेश्वर डिजिटल पूर्वाधार गुरुयोजना (Bhimeshwor Digiital Infrastructure Master Plan) तयार गर्न र थप सिसिटिभी क्यामरा तथा लाइन भीमेश्वर नगरपालिका ७ मकैबारी तथा वडा कार्यालय, ३ र ६ नं. वडा कार्यालय, बालगृह -तिखातल सडक शुरु विन्दु र भीनपा २ स्थित भीमेश्वर मन्दिर तथा वडा कार्यालयसम्म विस्तार गर्न बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सि.न. १२ बाट रु १०,००,०००/- (दश लाख, सि.नं. २१७ बाट रु १,५०,०००/- (एक लाख पचास हजार), सि.नं. १८९ बाट रु २,००,०००/- (दुई लाख) सि.नं. ३४ बाट रु ५,००,०००/- (पाँच लाख) र सि.नं. १९२ बाट रु १,००,०००/- (एक लाख) तथा डिजिटल पूर्वाधारका लागि सातदोवाटो क्षेत्रमा डिजिटल डिस्प्ले बोर्ड राख्न सि.नं. २१५ बाट रु १२,००,०००/- (बाह्र लाख), सि.नं. १९३ बाट रु २,००,०००/- (दुई लाख) र सि.नं. २२२ बाट रु २,५०,०००/- (दुई लाख पचास हजार) बाट रकमान्तर/शिर्षकान्तर गरी खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७ : बालगृह - तिखातल सडक कालोपत्रे गर्ने कार्य शुरु बिन्दु बालगृहदेखि देउरालीसम्म र भालुखोलादेखि तिखातल तर्फको खण्डमा गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : सि.नं. ३७६ को राउत गाउँ मर्यांग खोला पुल निर्माण शीर्षकबाट राउत गाउँ पहिरो नियन्त्रण कार्य समेत गर्ने निर्णय गरियो।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/१०/२९

निर्णय नं. ९ : यस नगरपालिकाद्वारा प्रकाशन गरिएको **"गन्तव्य भीमेश्वर"** नामक पुस्तक थप आवश्यक भएकोले १५ (पन्ध्र) दिनभित्र आवश्यकता अनुसार सम्पादन गरी हार्ड कभर भएको ५०० थान र सफ्ट कभर भएको ५०० थान प्रकाशन गर्ने निर्णय गरियो ।साथै उक्त पुस्तक सम्पादन गर्न तपसिल बमोजिम सम्पादन तथा प्रकाशन समिति गठन गर्ने निर्णय गरियो

तपसिल

| | |
|---|---|
| संयोजक | श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत |
| सदस्य | ई. श्री सुरेश राउत |
| सदस्य | ई. नारायण प्रसाद शिवाकोटी |
| सदस्य सचिव | श्री ज्ञानु कुमार खड्का, शाखा अधिकृत |

निर्णय नं. १० : बागमती प्रदेश सरकार, सामाजिक बिकास मन्त्रालयको सूचना बमोजिम गृहिणी महिला सशक्तीकरण कार्यक्रमको सम्झौता पश्चात रु १५,९३,६२४/- प्राप्त हुने र यस नगरपालिकाबाट रु २८१,२२८/ रकम लागत सहभागिता गर्नुपर्ने भएको हुदाँ सि.नं. १३१ को कानुन र्निमाण तथा सशोधनका लागी परामर्श खरिदमा विनियोजन गरेको बजेटबाट रु २००,०००/- र सि.नं. १४३ को लैङ्गिक उत्तरदायी बजेट परिक्षणमा बिनियोजित बजेट मध्येबाट रु ५०,०००/- र सि.नं. १३८ को एकल महिला सिपमूलक कार्यक्रमबाट रु ३१,२२८/- गरी जम्मा रु २,८१,२२८/- रकमान्तर गरी यस नगरपालिकाको तर्फबाट उक्त कार्यक्रममा लागत सहभागिता गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम तपिशल बमोजिम सञ्चालन गर्ने निर्णय गरीयो ।

तपसिल

१ मौरीपालन तालिम वडा न १
२ व्युटिसीयन तालिम वडा न ६
३ बाँसको सामग्री वनाउन तालिम वडा न ५
४ काठको सामग्री वनाउने तालिम वडा न ७ र ८
५ माटोको भाँडा बनाउने तालिम वडा न ४

निर्णय नं. ११ : बागमती प्रदेश सरकार, सामाजिक बिकास मन्त्रालयको सूचना बमोजिम विपन्न दलित सशक्तिकरण कार्यक्रमको सझौता बमोजिम प्रदेश सरकारबाट रु ४,००,०००/- प्राप्त हुने र यस नगरपालिकाले लागत सहभागिता गर्नुपर्ने रकम रु ८०,०००/- सि.नं. १३४ को दलित प्रोत्साहन तथा सीप विकास कार्यक्रमबाट खर्च गर्ने गरी उक्त कार्यक्रममा रकमान्तर गरी यस नगरपालिकाको तर्फबाट लागत सहभागिता गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम (CBR) सञ्चालनका लागि प्रदेश सरकारले रु ३,००,०००/- (तीन लाख) विनियोजन गरेकोमा ४० प्रतिशत

स्थानीय तहले साझेदारी गर्नुपर्ने भएको हुदाँ साझेदारी संस्थाले १२ प्रतिशत बराबरको रु ६०,०००/- र यस कार्यालयले २८ प्रतिशत बराबरको रकम रु १,४०,०००/- लागत सहभागिता गर्ने सि.नं. १२९ को अपाङ्गता सीपमूलक तथा आयआर्जन कार्यक्रमबाट रु १,२०,२००/- र बाँकी नपुग रकम रु १९,८००/- सामाजिक सि.नं. १३४ को दलित प्रोत्साहन तथा सीप बिकास कार्यक्रमबाट खर्च गर्ने गरी जम्मा रकम रु १,४०,०००/- उक्त कार्यक्रममा रकमान्तर गरी यस नगरपालिकाको तर्फबाट लागत सहभागिता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : यस कार्यालयका लागि नेपाल सरकारबाट स्वीकृत देहायका रिक्त दरवन्दीमा बागमती प्रदेश लोक सेवा आयोग, हेटौडाबाट सिफारिस भई आएका देहायका कर्मचारीहरुको यस कार्यालयद्वारा गरिएको नियुक्ति तथा पदस्थापनलाई स्थानीय सेवा (गठन तथा सन्चालन) ऐन, २०७९ को दफा १७ प्रयोजनका लागि अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | नाम, थर | ठेगाना | पद/तह | कैफियत |
|---|---|---|---|---|
| १ | शान्ती आचार्य | पनौती नपा २, काभ्रेपलान्चोक | कृषि अधिकृत (सातौं) | |
| २ | धन बहादुर गुरुङ | खैरेनी नपा, चितवन | जनस्वास्थ्य अधिकृत (सातौं) | |
| ३ | निशान दहाल | सुन्दरहरैचा नपा, मोरङ | पशु विकास अधिकृत (सातौं) | |

**निर्णय नं. १४** : शैक्षिक सशक्तिकरण केन्द्र, धुलिखेलको सहयोग र यस नगरपालिकासँगको समन्वय र सहकार्यमा यस नगरपालिका अन्तर्गत ७ ओटा सामुदायिक विद्यालयहरुमा आधारभूत शिक्षाको शैक्षिक गुणस्तर सुधारका निमित WISE-MGML कार्यक्रम कार्यान्वायन गर्दै आएकोमा आगामी आ.व.मा पनि WISE कार्यक्रम निरन्तरताका साथै MGML in SMART DEVICE, Greening School र ECED कार्यक्रम संचालनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** : यस कार्यालयद्वारा तयार पारिएको तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क) भीमेश्वर नगरपालिकाको सार्वजनिक सुनुवाई सन्चालन कार्यविधि, २०८१

ख) भीमेश्वर नगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवद्र्धन कार्यविधि, २०८१

ग) भीमेश्वर नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८१

**निर्णय नं. १६** : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित साङखोलामा रहेको पुल जिर्ण भई पुनर्निर्माण गर्नुपर्ने भएकोले उक्त पुलको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निर्णय गरियो।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/१०/२९

निर्णय नं. १७ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा देहायका आयोजनाहरु संशोधनका लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर/योजना संसोधन गर्ने निर्णय गरियो ।

नगरस्तरीय

| सि.नं | साविकको आयोजना | रकम | संशोधित आयोजना | रकम |
|---|---|---|---|---|
| | र ८ को अन्तिम परीक्षा सञ्चालन | ३,००,००० | कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन | ३,००,००० |
| | क अध्ययन केन्द्र सहजकर्ता प्रोत्साहन | २,५०,००० | कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन | १,००,००० |
| | | | सामुदायिक अध्ययन केन्द्र सहजकर्ता प्रोत्साहन | १५०००० |

वडा नं. १

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३१६ | विपद व्यवस्थापन तथा खानेपानी मर्मत पाईप खरिद मध्येबाट सिपिसिआर बाटोखर्क गोरेटो बाटो निर्माण | १,००,०००/- | बाटोखर्क बालकृष्ण राय क्षेत्री घर छेउ पहिरो नियन्त्रण | १,००,०००/- |

वडा नं. २

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३३७ | कान्जीहाउस नाला व्यवस्थापन | १,५०,०००/- | सम्पदा बस्ती तथा वडा कार्यालय प्रवेश द्वार निर्माण | ३,००,०००/- |
| २ | ३५६ | पाखलती उद्यान पिण्डेश्वर छाना छाउने कार्य | १,००,०००/- | | |
| ३ | तोक आदेश | कान्जीहाउस नाला व्यवस्थापन | ५०,०००/- | | |

वडा नं. ६

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४८२ | देवीथान गोरेटो बाटो निर्माण | १,००,०००/- | तिनधारा पहिरो नियन्त्रण | २,५०,०००/- |
| २ | ४७७ | पाटी खोला दाहाल गाउँ सिंचाई निर्माण | १,५०,०००/- | | |

निर्णय नं. १८ : विविध

क) यस नगरपालिकाको नगर कार्यपालिकाको ३६औं बैठकको निर्णय नं. २ (दुई) बमोजिम गठित कार्यदलले पेश गरेको क्रियाकलापलाई अनुमोदन गर्दै जनकपुर उपमहानगरपालिका र भीमेश्वर नगरपालिकाबाट संयुक्त कार्यक्रम बनाउनका लागि जनकपुर उपमहानगरपालिकालाई पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) यस नगरपालिकाको मिति २०८१/०९/२९ गतेका लागि आब्हान गरिएको छैटौ नगरसभाको बैठकमा गणपुरक संख्या नपुगेकोले मिति २०८१/११/११ गते विहान ११:०० बजे भीमेश्वर सदनमा छैटौ नगरसभाको दोस्रो बैठक आब्हान गर्ने निर्णय गरियो ।

**विशकसेन ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३